प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि रिक्त कोटामा आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०९।०३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, तालीम विकास महाशाखा आ.व. २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार **निःशुल्क** सञ्चालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको **औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम**मा भर्ना हुने प्रशिक्षार्थीहरुको संख्या कम भएकाले देहाय बमोजिमका शिक्षण संस्था, कार्यक्रम तथा कोटाहरुमा निम्न सर्तहरूको अधिनमा रही शैक्षिक सत्र २०७८/०७९ मा भर्नाका लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम संचालन अनुमति प्राप्त देहायका आंगिक, साझेदार, तथा TECS सामुदायिक विद्यालयहरूमा प्रशिक्षार्थी छनौट गरी भर्ना गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित शिक्षण संस्था एवं सबैको जानकारीका लागि यो सूचना पुनः प्रकाशित गरिएको छ ।

तपसिलः

**१. आवश्यक शैक्षिक योग्यताः**

क. अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमाः एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण ।

ख. अक्षराङ्कन पद्धतिको नतिजाको हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा SEE परीक्षामा न्यूनतम E ग्रेड प्राप्त ।

**२. परीक्षार्थी छनौटको आधारः**

क) आवेदकहरूको अन्तिम छनौट SLC वा SEE को प्राप्ताङ्क र अन्तरवार्ताबाट हुनेछ । SLC वा SEE को प्राप्ताङ्कको अङ्कभार ५० प्रतिशत र अन्तरवार्ताको अङ्कभार ५० प्रतिशत हुनेछ । भर्ना प्रकृयामा सिफारिस हुनको लागि SLC वा SEE को प्राप्ताङ्क र अन्तवार्ताको प्राप्ताङ्क गरी न्यूनतम ४० अङ्क प्राप्त गरेको हुनुपर्नेछ । योग्यताक्रमको आधारमा तोकिएको कोटा संख्याको आधारमा विद्यार्थी भर्ना गरिनेछ ।

ख) छनौटका लागि SLC वा SEE को प्राप्ताङ्कको आधारमा सम्बन्धित शिक्षालयले मूल्याङ्कन गरी ५० प्रतिशत अङ्क प्रदान गर्नेछ भने उद्योग/व्यवसाय, पनिका र तालीम प्रदायक संस्थाका प्रतिनिधिहरूको सहभागितामा अन्तवार्ता हुनेछ ।

ग) SLC वा SEE को प्राप्ताङ्क र अन्तरवार्ताको प्राप्ताङ्कको आधारमा मुख्य उम्मेदवार र बैकल्पिक उम्मेदवारको सूची तयार गरिनेछ । अन्तिम छनौटमा परेका उमेदवारहरूलाई सार्वजनिक सूचनाद्धारा भर्नाका लागि आव्हान गरिनेछ । मूख्य उमेदवारबाट भर्ना पुरा नभएमा बैकल्पिक मध्येबाट योग्यताक्रमको आधारमा भर्ना गरिनेछ ।

घ) प्राप्ताङ्क बराबर भएका आवेदकहरूको हकमा SLC/SEE परीक्षाको प्राप्ताङ्कको आधार लिईनेछ र सो पनि बराबर भएमा SLC/SEE परीक्षाका क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजाको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ ।

**३. शैक्षिक सत्र २०७८/०७९ का लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम सञ्चालन अनुमति पाएका शिक्षण संस्थाहरूको नाम, ठेगाना र कार्यक्रमहरूको विवरणः**

| क. सं. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा संख्या | रिक्त कोटा | शिक्षण संस्थाको प्रकार |
|---|---|---|---|---|---|
| १. | श्री माध्यमिक विद्यालय, चन्द्रपुर ९, डुमरिया, रौतहट | Electrical Engineering (Apprenticeship) | २० | ८ | TECS सामुदायिक |
| २. | श्री बछौली माध्यमिक विद्यालय, सौराहा, चितवन | Hotel Management (Apprenticeship) | २० | ६ | TECS सामुदायिक |
| ३. | पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रेपलाञ्चोक | Automobile Engineering (Apprenticeship) | २० | ११ | आंगिक |
| ४. | बालाजु स्कूल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौं | Electrical Engineering (Apprenticeship)<br>Automobile Engineering (Apprenticeship) | २०<br>२० | ६<br>६ | आंगिक |
| ५. | भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बाँके | Mechanical Engineering (Apprenticeship) | २० | ५ | आंगिक |

**४. आवेदन फाराम साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरूः**

१) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो,

२) SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी,

३) नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

४) नेपाली नागरिकता प्रमाणपत्र वा जन्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

**५. छनौट प्रकृया सम्बन्धी कार्यक्रमः**

क. आवेदन फाराम वितरण गर्ने मिति : २०७८ पुस ०५ गते देखि ।

ख. आवेदन फाराम पाउने र बुझाउने स्थान : सम्बन्धित संस्थाहरू र www.ctevtexam.org.np बाट आवेदन फाराम डाउनलोड गरी फाराम भर्न सकिनेछ ।

ग. आवेदन फाराम बुझाउने अन्तिम मिति : २०७८ पुस ११ गतेसम्म ।

घ. अन्तरवार्ता हुने मिति र समय : **२०७८ पुस १३, गते मंगलवार बिहान ८.०० बजे ।**

ङ. अन्तरवार्ता संचालन हुने केन्द्रहरू : सम्बन्धित शिक्षण संस्थाहरु ।

**नोटः** शिक्षण संस्थाहरुले अन्तरवार्ता संचालन भए पश्चात आवेदकहरुको मूल्याङ्कन, हाजिरी सिलवन्दी गरी र सक्कल आवेदन फारामहरु बुद्ध एयर कार्गो गरी प.नि.का, सानोठिमीमा अन्तरवार्ता सकिएको भोलिपल्ट अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**